बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

बज्रबाराही चापागाउँ अस्पताल

गोदावरी न.पा.-११, ललितपुर
मिति: २०८३/०६/२७

सूचना ! सूचना !! सूचना !!!

अब घरबाटै अस्पतालको फार्मेसीमा उपलब्ध औषधिको जानकारी लिनुहोस्!

प्रस्तुत विषयमा यस बज्रबाराही अस्पतालले सेवाग्राहीको सहजता, समयको बचत तथा स्वास्थ्य सेवामा प्रविधिको उपयोगलाई प्राथमिकता दिँदै अस्पतालको फार्मेसीमा उपलब्ध औषधिको विवरण घरमै बसेर हेर्न सकिने व्यवस्था गरेको छ। यस सेवामार्फत सेवाग्राहीहरूले अस्पतालसम्म आउनुअघि नै आफूलाई आवश्यक औषधि उपलब्ध भए/नभएको जानकारी अनलाइनबाट प्राप्त गर्न सक्नुहुनेछ।

१. अस्पतालमा उपलब्ध औषधिको विवरण हेर्नुहोस्

तलको वेबसाइट(**pharmacy.bajrabarahihospital.bagamati.gov.np**)मा प्रवेश गरी Search Box मा औषधिको **Generic Name** टाइप गरेर अस्पतालको फार्मेसीमा उपलब्ध औषधिको विवरण हेर्न सक्नुहुन्छ।
यसका लागि उपलब्ध QR Code scan गरी पनि वेबसाइटमा प्रवेश गर्न सक्नुहुनेछ।

२. उपलब्ध नभएको औषधिबारे जानकारी गराउनुहोस्

आवश्यक औषधि उपलब्ध नभएमा सम्बन्धित QR Code स्क्यान गरी चिकित्सकको पुर्जा अपलोड गर्नुहोस्। औषधि उपलब्ध गराउन सम्भव भएपछि अस्पतालबाट तपाईंलाई सम्पर्क गरी जानकारी गराइनेछ।

यस सेवाबाट हुने फाइदाहरू

- घरमै बसेर औषधिको उपलब्धता जाँच गर्न सकिने।
- अस्पतालमा अनावश्यक धाउनुपर्ने अवस्था कम हुने।
- आवश्यक औषधि उपलब्ध नभएमा अनलाइनमार्फत जानकारी गराउन सकिने।
- सेवाग्राहीको समय र खर्च बचतमा सहयोग पुग्ने।

\- अस्पताल प्रशासन
बज्रबाराही चापागाउँ अस्पताल

बागमती प्रदेश सरकार स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय बज्रबाराही चापागाउँ अस्पताल बज्रबाराही, ललितपुर

अस्पतालमा उपलब्ध औषधिको विवरण हेर्नु Scan गर्नुहोस्।

अस्पतालमा उपलब्ध नभएको औषधिबारे जानकारी गराउन Scan गर्नुहोस्।

फोन नं.: ०१-५५७०५२४, इमेल: bajrabarahihospital@bagamati.gov.np,
वेवसाइट: https://bajrabarahihospital.bagamati.gov.np